# भारतीय नीतिको मारमा नेपाली स्टिल उद्योग अर्बौंको निर्यात ठप्प, सयौं टन सामान गोदाममै थन्कियो

रुपन्देही, ४ भदौ (दैपसं) - भारतीय नीतिका कारण रुपन्देहीको विशेष आर्थिक क्षेत्र (सेज) मा सञ्चालित दुई ठूला स्टिल उद्योग गम्भीर संकटमा परेका छन् । भारतले स्टिलजन्य उत्पादनका लागि आयात गरिने कच्चा पदार्थमा गुणस्तरको लोगो (बीआईएस) अनिवार्य गरेपछि विगत तीन महिनादेखि नेपालबाट स्टिलका भाँडाकुँडा र ट्याङ्कीको निर्यात पूर्ण रूपमा ठप्प भएको हो । जसकारण अर्बौंको कारोबार गर्ने उद्योगहरू बन्द हुने अवस्थामा पुगेका छन् भने सयौं टन तयारी सामान गोदाममै थन्किएको छ ।सेजमा सञ्चालित भिस्तार ग्लोबल र पञ्चकन्या नामक दुई कम्पनीले स्टिलका भाँडावर्तन र पानी ट्याङ्की उत्पादन गर्दै आएका छन् । यीमध्ये भिस्तार ग्लोबलले आफ्नो कुल उत्पादनको ९० प्रतिशत र पञ्चकन्याले २६ प्रतिशत उत्पादन भारतमा निर्यात गर्दै आएका थिए । तर भारतको नयाँ नीतिका कारण निर्यात रोकिएपछि उद्योगहरूको उत्पादन र कारोबारमा गम्भीर असर परेको छ, जसले मुलुकको राजस्व संकलनमा समेत प्रत्यक्ष प्रभाव पारेको छ ।

निर्यात पूर्ण रूपमा बन्द भएपछि पञ्चकन्याले उत्पादन नै रोकिदिएको छ भने भिस्तार ग्लोबलले उत्पादन ९५ प्रतिशतले घटाएको छ । भिस्तार ग्लोबलका लेखा अधिकृत अरविन्द त्रिपाठीका अनुसार ६ वर्षदेखि सहज रूपमा भारतमा सामान निर्यात भइरहेकामा बिना कुनै पूर्वसूचना एक्कासी निर्यात रोकिँदा कम्पनीले ठूलो आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ ।

'पहिले मासिक ४०० टनसम्म भाँडाकुँडा उत्पादन र निर्यात हुन्थ्यो, तर अहिले मुस्किलले २० टन मात्रै उत्पादन भएको छ,' उनले भने, 'निर्यातका लागि तयार पारिएका सयौं टन सामान गोदाममै थन्किएका छन् । यता, भारतमा निर्यात गर्न नपाएपछि चीनबाट मगाइएको कच्चा पदार्थ वीरगन्ज र कोलकाता बन्दरगाहमा अड्किएको छ ।'

उनले भारतले के नियतले निर्यात रोकेको हो भन्ने स्पष्ट नभएको र यस विषयमा सरकारी स्तरबाट प्रभावकारी पहल हुन नसकेको गुनासो गरे । पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहुका अनुसार भारत सरकारले नीति परिवर्तन गर्दै स्टिल उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थमा 'ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बीआईएस)' अनिवार्य गरेको छ । यसअघि तयारी वस्तुमा मात्र बीआईएस अनिवार्य थियो, तर अब कच्चा पदार्थमै यो प्रावधान लागू भएपछि चिनियाँ कच्चा पदार्थ प्रयोग गर्ने नेपाली उद्योगहरू प्रत्यक्ष मारमा परेका छन् ।

'पहिले हामीले उद्योग विभागबाट उत्पादन प्रमाणपत्र लिएर आवश्यक मूल्य अभिवृद्धि (भ्यालु एड) गरी सामान पठाउँथ्यौं,' साहुले भने, 'तर अब कच्चा पदार्थ नै भारतको हुनुपर्ने जस्तो अवस्था सिर्जना भयो । यसो हुँदा हाम्रो उद्योगको संरचना मात्र नेपालमा हुने भयो, जसको कुनै अर्थ रहँदैन ।'

नेपालका अधिकांश स्टिल उद्योगले चीनबाट कच्चा पदार्थ आयात गरी वस्तु तयार पारेर भारत निर्यात गर्छन् । भैरहवा सेजका सह-निर्देशक सबुत डुम्रे भारतको यो कदमलाई आफ्नो बजारमा चिनियाँ कच्चा पदार्थको प्रवेश रोक्ने रणनीतिक चालका रूपमा लिन्छन् । उनका अनुसार भारतीय लगानीकर्ताकै अगुवाइमा ६ वर्षअघि करोडौं लगानीमा स्थापित उद्योगको ९० प्रतिशत उत्पादन भारतमै जाने गर्थ्यो र त्यहाँबाट अन्य मुलुकमा समेत निर्यात हुन्थ्यो । 'तर अहिले आफ्नै लगानीको उद्योगका उत्पादन रोक्नुको पछाडि चिनियाँ कच्चा पदार्थलाई रोक्ने मनसाय देखिन्छ,' उनले भने ।

उद्योगीहरू पनि भारतले नेपाली उद्योगलाई निरुत्साहित गरी आफ्नै देशबाट कच्चा पदार्थ खरिद गर्न बाध्य पार्न खोजेको बताउँछन् । स्टिलका भाँडाकुँडा नेपालको प्रमुख निर्यातजन्य वस्तुमध्ये पर्छ । भैरहवा भन्सार कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्षमा यो मुलुकबाट निर्यात हुने प्रमुख १० वस्तुमध्ये छैटौं स्थानमा थियो । गत वर्ष मात्रै ३ अर्ब ३६ करोड ६२ लाख ५८ हजार रुपैयाँ बराबरका भाँडाकुँडा निर्यात भएका थिए ।

भैरहवा भन्सारका प्रमुख रामप्रसाद रेग्मीले करिब चार महिनादेखि भाँडा, वर्तन र स्टिल ट्याङ्कीको निर्यात रोकिएको पुष्टि गर्दै यदि निर्यात नखुलेमा चालु आर्थिक वर्षमा मुलुकलाई करोडौं रुपैयाँ राजस्व घाटा हुने बताए । उद्योगीहरूले समस्या समाधानका लागि सरकारसँग बारम्बार गुहार मागिरहेका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले भारतले आफ्नो कच्चा पदार्थ बिक्री गर्ने उद्देश्यले नेपाली उत्पादनको निर्यातमा अवरोध गरेको आरोप लगाए ।

'हामीले यो समस्या समाधान गरी निर्यातलाई सहज बनाउन सरकारसँग निरन्तर पहल गरिरहेका छौं,' उनले भने । यस विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारलाई पत्राचार गरिसकेको छ । मन्त्रालयको द्विपक्षीय व्यापार तथा पारवहन (भारत) शाखाका उपसचिव तर्कराज भट्टका अनुसार परराष्ट्रमार्फत पत्र पठाइसकिएको भए पनि हालसम्म कुनै जवाफ प्राप्त भएको छैन ।

# सीमा विवादमा नेपाललाई चीनको धोका, चुच्चे नक्सा अस्वीकार गर्दै लिपुलेकमा भारतसँग सहमति

काठमाडौं, ४ भदौ । नेपालको असल मित्र दाबी गर्ने चीनले नेपाल-भारतबीच जारी सीमा विवादमा लिपुलेक भारतकै भएको स्वीकार गरेको छ । नेपालको सहभागीताविना नै चीनले भारतले गरेको दाबी स्वीकार गर्दै लिपुलेक भारत-चीनको सीमा स्वीकार गरेको हो । राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालको निमन्त्रणामा भारत भ्रमणमा गएका चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) केन्द्रीय समितिका राजनीतिक ब्यूरोका सदस्य तथा चीनका विदेशमन्त्री वाङ यीको हालैको भारत भ्रमणको क्रममा भएको सम्झौतामा लिपुलेकसमेत संलग्न छ ।




दुवैबीच भएको सहमतिको बुँदा नम्बर ९ मा चीनले तीन तोकिएका व्यापारिक बिन्दुहरूबाट सीमा व्यापार गर्न सहमति जनाएका छन्। त्यसमा लिपुलेक पास, शिप्की ला पास र नाथु ला पास रहेका छन्। मुख्यतः भारत र चीनबीच कायम रहेको सीमा विवादबारे छलफल गर्न चीनका विदेशीमन्त्री वाङ भारत भ्रमणमा गएका थिए। प्रमाणहरूले लिपुलेक नेपालको भएको पुष्टि भएपछि नेपालले आफ्नो नक्सामा संशोधन गर्दै लिपुलेकसहितको नयाँ नक्सा जारी गरिसकेको छ ।

नेपाल-भारत र चीनबीचकै त्रिदेशीय सम्बन्ध रहेको लिपुलेकबारे तीनै देशका प्रतिनिधि बसेर सहमति गर्नुपर्नेमा चीनले भारतको दाबीलाई मान्यता दिँदै आधिकारिक सम्झौता नै गरेको छ। यसभन्दा अगाडि पनि चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीबीचको भ्रमणमा लिपुलेकको प्रसङ्ग आउँदा नेपालले ध्यानाकर्षण भएको बताएको थियो ।

विदेशमन्त्रीको भ्रमणमा समेत भारतको व्यापारिक नाकामा लिपुलेक उल्लेख हुनुले चीनले आफ्नो सीमाका विवाद समाधानको स्वार्थमा नेपाल र भारतबीच कायम रहेको सीमा क्षेत्र भारतको भएको स्वीकार गरेको देखिन्छ ।

सहमतिमा २००५ मा हस्ताक्षर भएको भारत-चीन सीमा समस्या समाधानका लागि राजनीतिक मापदण्ड र मार्गदर्शक सिद्धान्तहरूको सम्झौता अनुसार सीमाको निष्पक्ष, उचित र पारस्परिक रूपमा स्वीकार्य ढाँचा खोज्नु पर्ने उल्लेख छ ।

यसका लागि भारत-चीन सीमा मामिलामा परामर्श र समन्वयका लागि कार्य संयन्त्र (डब्ल्यूएमसीसी) अन्तर्गत भारत-चीन सीमा क्षेत्रहरूमा सीमा सिमाङ्कनको अन्वेषण गर्न विज्ञ समूह गठन गर्ने सहमति भएको छ। भारत-चीन सीमा क्षेत्रहरूमा शान्ति र स्थिरता कायम राख्न प्रभावकारी सीमा व्यवस्थापनलाई अगाडि बढाउन डब्ल्यूएमसीसी अन्तर्गत कार्य समूह स्थापना गर्ने दुबैबीच भएको सहमतिमा उल्लेख छ ।

सीमा व्यवस्थापनको प्रक्रियालाई अगाडि बढाउन कूटनीतिक र सैन्य स्तरहरूमा सीमा व्यवस्थापन संयन्त्रहरूको प्रयोग गर्ने, र यसका सिद्धान्तहरू र प्रक्रिया सुरु गरेर तनाव कम गर्नेबारे छलफल गरिने उल्लेख छ । सहमतिमा चिनियाँ मुख्य भूमि र भारतबीच प्रत्यक्ष उडान जडान जतिसक्दो चाँडो पुनः सुरू गर्ने, र अद्यावधिक गरिएको हवाई सेवा सम्झौता अन्तिम रूप दिनेसँगै २०२६ बाट चीनको तिब्बत स्वायत्त क्षेत्रमा रहेको कैलाश पर्वत/गाङ रेनपोचे र मानसरोवर ताल/मापाम युन त्सोमा भारतीय तीर्थयात्राको मापदण्ड निरन्तरता र थप विस्तार गर्ने समेत सहमति भएको छ ।

**विवादको पृष्ठभूमि**

नेपाल र भारतबीच कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा सीमा विवाद कायम छ। जब भारतले लिपुलेक र लिम्पियाधुरा हुँदै चीनसम्म बाटोको निर्माण सुरु गरेपछि यो विवाद चर्कियो। नेपालले द्विपक्षीय वार्तामार्फत यो समस्या समाधान गर्न चाहे पनि भारत भने यसमा प्रवेश गर्नै चाहेको छैन । नेपालले काली नदी लिम्पियाधुरामा हिमालयको जांस्कार शृ‍ङ्ग लामा कालापानीदेखि लगभग १६ किलोमिटर उत्तर पश्चिममा सुरु हुने दाबी गर्दै आएको छ। पुराना दस्तावेज र प्रमाणहरूले समेत लिम्पियाधुराबाट सुरु हुने सम्पूर्ण क्षेत्र, कालापानी र लिपुलेक नेपालको भएको देखाउँछ ।

तर भारतले नेपालको दाबी अस्वीकार गर्दै काली नदी कालापानीको दक्षिणी भागमा रहेको पंखागढ नामको सानो खोलाबाट सुरु भएको र यस क्षेत्रको पूर्वी भागमा रहेको पछिल्लो चुचुरो नै वास्तविक सीमा भएको दाबी गर्दै आएको छ ।

विवाद बढ्दै गएपछि दस्तावेज र प्रमाणको आधारमा नेपालले आफ्नो नक्सा संशोधन गर्दै लिपुलेक र लिम्पियाधुरा समेटिएको नयाँ चुच्चे नक्सा जारी गर्यो। यसमा भारतले आपत्ति जनाउँदै आएको छ । रासस

# व्यासको चिस्यान केन्द्रमा बीउ आलु भण्डारण निःशुल्क

तनहुँ, ४ भदौ । जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा निर्माण गरिएको चिस्यान केन्द्रमा किसानका आलु भण्डारणको निःशुल्क व्यवस्था गरिएको छ। केन्द्र सञ्चालनको पहिलो वर्ष परीक्षणको समय भएकाले बीउको आलु भण्डारण निःशुल्क गरिएको हो। तीन रोपनी क्षेत्रफलमा चिस्यान केन्द्र निर्माण गरिएको छ। आलु भण्डारण गर्दा क्षति भएमा त्यसको जोखिम नगरपालिकाले व्योहोर्ने जनाएपछि भण्डारण गरिएको हो ।



चिस्यान केन्द्र सञ्चालनमा ल्याएपछि आठ मेट्रिकटन बीउ आलु भण्डारण गरिएको कृषि, पशुपन्छी तथा सहकारी विकास उपशाखाकी प्रमुख समीक्षा पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार व्यास-९ स्थित सुनौलो नयाँ गोरेटो सहकारी संस्था, व्यास-५ को हरियाली कृषक समूह, व्यास-६ को श्याम्घा साना किसान समूह, रिस्ती मादी कृषक समूह र कृषि ज्ञान केन्द्रबाट गरी उक्त परिमाणको आलुको बीउ भण्डारण गरिएको छ ।

नगरपालिकाले चिस्यान केन्द्र सञ्चालनका लागि तीन पटकसम्म सूचना जारी गर्दा पनि कुनै सहकारी संस्था वा प्राइभेट फार्मबाट आवेदन नआएपछि नगरपालिका आफैँले सञ्चालन गरेको प्रमुख पोखरेलले बताउनुभयो। एक सय ३० मेट्रिकटन क्षमताको चिस्यान केन्द्र गत चैतदेखि विधिवत रूपमा सञ्चालनमा ल्याइएको जनाउँदै उहाँले गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको उल्लेख गर्नुभयो ।

केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो। विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाइएको थियो। विद्युत् प्राधिकरणले समयमा 'थ्री फेज'को ट्रान्समिटर जडान नगरिदिँदा एक वर्ष ढिलाइ गरी सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रारम्भिक ठेक्का रकम रु एक करोड ६२ लाख ३२ हजार २४६ रहेकामा थप रु १९ लाख ९८ हजार ६२७ वृद्धि भई करसहित रु करोड ९१ लाख ३२ हजार ७२२ पुगेको नगरपालिकाले जनाएको छ। वर्षौंदेखि व्यक्तिले कब्जा गरी भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो ।

आगामी आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्ण रूपमा भण्डारण गर्न सकिने उहाँले बताउनुभयो । नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करिब रु पाँच करोड बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो। "व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिन्छ ।

योसँगै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने विश्वास गरेका छौं", उहाँले भन्नुभयो । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषिउपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान व्यवसायिक रूपमा उत्साहित भएका छन् । विशेषगरी आलु, सागसब्जी तथा अन्य कृषिउपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न चिस्यान केन्द्र महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ । रासस

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना ।

श्री कहर सिं ठाडा मगरको छोरा, श्री धन बहादुर थापा भन्ने धन बहादुर ठाडा मगर, गण्डकी प्रदेश नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला विनयी त्रिवेणी गाउँपालिका, वार्ड नं.३ बस्ने श्री धन बहादुर थापा भन्ने धन बहादुर ठाडा मगरले यस शाखामा पेन्सन खाता नं. १९११५२४०३०४०५४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२/०२/१३ मा निज खातावाला श्री धन बहादुर थापा भन्ने धन बहादुर ठाडा मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउ भनी निज **मृतकको श्रीमती नाता पर्ने श्रीमती वुलमाया भन्ने वुलमाया ठाडाले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक श्री धन बहादुर थापा भन्ने धन बहादुर ठाडा मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना **प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र** आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बुटवल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

बुटवल शाखा, बुटवल ८, रूपन्देही
फोन नम्बर :- ०७१-५३६७३०
फ्याक्स:- ०७१-५३६७२९


L.B.F ईट्टा चाहिएमा
तपाईको शहर भैरहवा, बुटवलमा बलियो,
टिकाउ र भरपदो L.B.F. मार्का ईट्टा चाहिएमा
तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क:
पडसरी-५, ठुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ ।



सेवाको मौका अवश्य दिनुहोला ।
9867792976 NTC
9821449997 NCELL
सुरज सेनेटरी
बुटवल-१७, रानीगंज
ट्वाइलेट सफा गराउनु परेमा,
स्याफ्टी टंकी रिंग भरिएमा हामीलाई सम्झनुहोस् ।
हामी तपाईको समस्या पाँच मिनेटमा हल गरिदिने छौं ।


## सुनवल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## आय ठेक्का आव्हान सम्बन्धी सूचना ।

**तेश्रो पटक प्रकाशित मिति २०८२/०५/०४**

सुनवल नगरपालिका क्षेत्रभित्र आगामी आ.व. २०८२/०८३ का लागि देहाय बमोजिमका आय ठेक्काहरु शिलबन्दी दरभाउपत्रका माध्यमबाट बन्दोबस्त गर्नुपरेकोले, सुनवल नगरपालिकाको आर्थिक ऐन, २०५२ ले निर्धारण गरेको दररेटको आधारमा कर शुल्क उठाउने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | आय ठेक्काको नाम | न्युनतम अंक ( मू.अ.क. बाहेक ) |
|---|---|---|
| ३१/२०८१/८२ | बिहिबारे साप्ताहिक हाटबजार कर संकलन, सुनवल-७ | ४,१७,७७० ।३८/- |

**शर्तहरू :**

१. ठेक्का कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
२. आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस नगरपालिकाको धरौटी खाता नं. **96CA500968524004 एन.आई.सी. एसिया बैंक लि. सुनवल शाखा**मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको रकमको १३% मु.अ.कर र १.५% अग्रिम आयकर सम्बन्धित राजस्व कार्यालयमा दाखिला गरेर सबै एकमुष्ट कबोल रकम नगरपालिकाको कार्यालयमा दाखिला गरी पट्टा उठाउनुपर्नेछ । कबोल रकम एकमुष्ट रुपमा बुझाएमा सुनवल नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम १०% छुट दिइनेछ ।
४. दरभाउपत्र फाराम यस सुनवल नगरपालिकाबाट दस्तुर रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई उपलब्ध हुनेछ ।
५. ठेक्का सम्बन्धि अन्य जानकारी र शर्तहरुको लागि यस कार्यालयको वेबसाइट www.sunwalmun.gov.np हेर्नुहुन वा यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

## Bardaghat Municipality
### Office of the Municipal Executive
Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

## INVITATION FOR BIDS (EBIDDINGONLY)

(Publication Date: 2025/08/21)

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible biddersfor the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/Goods/ 01/082/083 | Supply and Delivery of Stationary items at Bardaghat Municipality | 45/75 days | 17,47,393.80 | 50,000 | 1,000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Antarik Rajaswo):** 0832050028211002 | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Dharauti Khata):** 8341498482524004 |
| **Deadline of bid submission**<br>2025/09/05till 12:00 Noon | **Date and time of bid opening**<br>2025/09/05at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**


ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०



ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरू: तपाईको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन । सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३



ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला ।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस् ।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२



ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297